कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१(राजश्व उपशाखा)

च.नं.:

## कोहलपुर नयाँ बसपार्कस्थित सार्वजनिक शौचालय सञ्चालन तथा सम्पूर्ण व्यवस्थापनका लागि दरभाउपत्र आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०९/१३)

यस कोहलपुर नगरपालिका ११ स्थित नयाँ बसपार्क भित्र रहेका सार्वजनिक शौचालयको सञ्चालन तथा सरसफाई व्यवस्थापन गर्ने कार्यका लागि कोहलपुर नगर कार्यपालिकाको मिति २०८०/०७/१९ गतेको निर्णय तथा कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधि, २०७९ (संशोधन सहित) अनुसार तपसिल बमोजिमको शर्तको अधिनमा रही देहायको मूल्यमा बढाबढ गर्ने गरी प्रस्ताव आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि नं | विवरण | कुल रकम (मुल्य अभिवृद्धि कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | कोहलपुर बसपार्क भित्र रहेका शौचालयको सञ्चालन तथा व्यवस्थापन | रु ३,४६,००० (वार्षिक) | १० प्रतिशत बापत हुन आउने रकम रु ३४६००। | रु १००० पछि फिर्ता नहुने गरी |

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र अद्यावधिक नवीकरण गरेको इजाजतपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता, र आ.व. २०७९/०८० सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु १०००(एक हजार रुपैया मात्र) दस्तुर तिरेको सक्कलै नगदी रसिद पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १२ बजेसम्म यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ । यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४. दरभाउपत्र बापत धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा नगदै वा कम्तिमा ९० दिनको समयावधि भएको मान्यता प्राप्त बैंकबाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्ने छ ।

५. दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

६. कोहलपुर नगरपालिका वडा नं ११ स्थित शौचालयको प्रयोगकर्ताबाट बसपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९(संशोधन सहित) बमोजिम पिशाब गरेको रु ५ र दिसा गरेको रु १० रुपैयाँ भन्दा बढी शुल्क असुल उपर गर्न पाइने छैन ।

२०८०/०९/१२

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, revenue.section@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun

७. दरभाउपत्रमा न्यूनतम अङ्क भन्दा माथी कबोल गर्नुपर्नेछ । सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्रलाई स्वीकृत गरिनेछ ।

८. दरभाउपत्रदाताले आफूले पेश गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेकको मानिनेछ ।

९. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन ।

१०. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालयसमयभित्र यस नगरपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

११. यस सूचनामा उल्लेखित कुराहरु बाहेक अन्य कुराहरु कोहलपुर नगरपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९(संशोधन सहित) तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

२०८०।१।१२

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत